# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८) काठमाडौं, असोज २६ गते २०५५ साल (संख्या २५

## भाग ३

### श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले सामयिक कर असूल ऐन, २०१२ बमोजिम जारी भएको खण्ड ४८, अतिरिक्ताङ्क २५ (ग) मिति २०५५।३।२६ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको आदेशको दफा २३ ले दिएको अधिकार प्रयोग गरी सोही आदेशको अनुसूची–४ को दफा ६ को प्रयोजनको लागि पैठारीकर्ताले बैंक ग्यारेण्टीमा पैठारी गर्न देहायबमोजिमका शर्तहरू पालना गर्नुपर्ने गरी तोकेकोले यो सूचना प्रकाशन गरेको छ।

१. देहायको अवस्था पूरा गरेमा मात्र बैङ्क ग्यारेण्टीको सुविधा उपलब्ध हुन सक्नेः

क) विगत वर्षमा कूल बिक्रीमध्ये कम्तीमा वार्षिक रू. १० करोड निर्यात गरेको वा चालू वर्षको कूल बिक्रीको कम्तीमा ५०% निकासी गरेको वा आयातित कच्चा पदार्थबाट बन्ने तयारी मालसामान कम्तीमा ५०% भन्दा बढी निकासी हुने बिक्री सम्झौताबाट देखिएमा।

ख) करदाताले सुविधा माग गर्नु भन्दा अघिका महीनाका कर विवरण बुझाएमा।

ग) बुझाउन बाँकी कर रकम भुक्तानी गरिसकेको भएमा।

घ) मूल्य अभिवृद्धि कर कार्यालयले कर निर्धारण आदेश जारी गरी सो अनुसारको कर रकम दाखिला भएको अवस्थामा।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. उद्योगले आफ्नो उत्पादन प्रतितपत्रको माध्यमद्वारा वा प्रचलित बैंकिङ्ग कागजातको माध्यमबाट निकासी गर्ने भएमा निकासी गर्ने परिमाण जतिको माल वस्तु उत्पादन गर्न आवश्यक कच्चा पदार्थ वा मुख्य सहायक कच्चा पदार्थ प्रतितपत्र खोली पैठारी गर्न चाहेमा त्यसरी पैठारी गर्दा लाग्ने मूल्य अभिबृद्धि करको बैंक ग्यारेण्टी लिई पैठारी गर्न दिनेछ। तर निकासीकर्ताले सम्बन्धित निकायबाट कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ उपयोग खपत अनुपातको प्रमाणित कागजात तथा विदेश निकासी गर्ने दर र परिमाण समेत खुलेको सम्झौता वा अर्डर डकुमेन्ट पेश गर्नुपर्नेछ।

३. उपर्युक्त शर्तको अधीनमा रही दफा २ बमोजिमको सुबिधा मूल्य अभिबृद्धि कर पूर्णरुपमा छूट पाएका आयोजना वा निकायलाई बिक्री गरेको खण्डमा पनि उपलब्ध गराउन सकिनेछ।

४. निर्यात गरिने वस्तुको भुक्तानी प्रक्रिया र भुक्तानी प्राप्त हुने समय बिक्री सम्झौतामा स्पष्ट उल्लेख हुनु पर्नेछ।

५. नयाँ उद्योगको हकमा विभागबाट र पुरानो उद्योगको हकमा सम्बन्धित कार्यालयबाट बैंक ग्यारेण्टी सुबिधा उपलब्ध गराइनेछ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव

श्री ५ को सरकार

## वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

शिवपुरी जलाधार तथा वन्य जन्तु आरक्ष विकास समिति (गठन) आदेश, २०४१ को दफा ३ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले उक्त गठन आदेशको दफा ३ को उपदफा (२) को खण्ड (ञ) र (ट) मा देहायबमोजिम् हेरफेर गरेको छ।

"(ञ) शंकरमल्ल ठकुरी, सुनटोल गा.वि.स. वडा नं. ८, काठमाडौं– सदस्य

(ट) निमा शेर्पा, अध्यक्ष सुन्दरीजल गा.वि.स. वडा नं. ६, काठमाडौं– सदस्य"

आज्ञाले,
रविशर्मा अर्याल
उप-सचिव (कानून)

९६०



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## वाणिज्य मन्त्रालयको सूचना

श्री ५ को सरकारले निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी खण्ड ४२ संख्या ३३ मिति २०४९।८।१५ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना १ को अनुसूची २ को खण्ड २ को उपखण्ड २.१ मा रहेको श्री ५ को सरकारले पैठारीका निमित्त परिमाणात्मक बन्देज लगाइएका वस्तुहरूको क्रमसंख्या (क) पछि देहायको क्रमसंख्या (ख) थप गरेको छ।

"(ख) पोस्ता दाना (Poppy Seed)"

आज्ञाले,
मोहनदेव पन्त
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

962

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।